# ‘घ’ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियमावली - २०७४

**प्रस्तावना :** सार्वजनिक निर्माण व्यवसायमा सङ्लग्न ‘घ’ वर्गका कम्पनी वा फर्महरूको दर्ता गर्ने, इजाजत दिने र नवीकरण गर्ने कार्यलाई व्यवस्थित गर्न, स्थानीय स्तरको मूलभूत विशेषताहरूलाई अक्षुण राखी सार्वजनिक निर्माणको पारदर्शीता, क्षेत्रमा स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेद्भावरहित प्रतिस्पर्धा एवम् स्रोत साधनको उच्चतम् उपयोगजस्ता उद्देश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहूँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (छ) (१०) ले दिएको अधिकार प्रयोग गरि मन्थली नगरपालिकाले यो नियमावली जारी गरेको छ ।

**परिच्छेद - १**

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो नियमावलीको नाम ‘घ’ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियमावली -२०७४ रहेको छ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

**(क) “समिति”** भन्नाले यस नियमावलीको नियम ७ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(**ख) “निर्माण व्यवसायी”** भन्नाले निर्माण ब्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता भएको ‘घ’ वर्गको निर्माण व्यवसायीलाई सम्झनुपर्छ, सो शब्दले नगर कार्यपालिकाबाट इजाजत प्राप्त निर्माण व्यवसायीलाई समेत जनाउँछ र त्यस्ता निर्माण व्यवसायीको कार्यक्षेत्र नेपालभर हुनेछ ।

**(ग) “इजाजतपत्र”** भन्नाले यस नियमावली बमोजिम इजाजत पाएको प्रमाणपत्रलाई सम्झनु पर्दछ र सो शब्दले यस नियमावली बमोजिम नवीकरण गरी दिइएको प्रमाणपत्रलाई समेत जनाउँछ ।

**(घ) “संयोजक”** भन्नाले निर्माण व्यवसायीको आर्थिक क्षमता तथा प्राविधिक योग्यता जाँचबुझ गर्न गठित समितिका संयोजक सम्झनु पर्दछ ।

**परिच्छेद - २**

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**४. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

**(१) निर्माण व्यवसाय दर्ता सम्बन्धी व्यवस्था**

(क) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस मन्थली नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल

इन्जिनीयर/सबइन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(ग) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित न्यूनतम् योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरूको इजाजतपत्र कार्यपालिकाको निर्णय वा नगर प्रमुखको अनुमति लिई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची -३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(२) समिति सम्बन्धि व्यवस्था**

उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा जाँचबुझ निम्न सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

१. मन्थली नगरपालिकाका प्राविधिक शाखा प्रमुख ( इन्जिनियर ) - संयोजक
२. मन्थली नगरपालिकाका अधिकृत स्तरको कर्मचारी १ जना - सदस्य
३. मन्थली नगरपालिकाको कानुन शाखा प्रमुख - सदस्य
४. मन्थली नगरपालिकाको इन्जिनियर वा सबइन्जिनियर नगर प्रमुखले तोकेको १ जना - सदस्य
५. मन्थली नगरपालिकाको राजश्व शाखा प्रमुख - सदस्य सचिव

**(३) समितिको कार्य :**

१. दरखास्त साथ पेस भएका कागजपत्र छानबिन गरी नपुग कागजपत्र पेस गर्न लगाउने ।
२. इजाजत माग गर्ने व्यवसायीको अनुसूची ५ बमोजिको योग्यता पूरा गरेको छ वा छैन छानबिन गर्ने ।
३. इजाजत पत्र लिन दरखास्त पेस गरेका फर्मलाई इजाजतपत्र दिन मनासिब देखिए दरखास्त पेस भएको मितिले १५ दिनभित्र इजाजत पत्र दिन प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

**(४) नयाँ व्यवसाय दर्ताका लागि आवश्यक कागजपत्रहरू :**

१. अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन ।
२. कम्पनी रजिष्टारको कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएको प्रमाणपत्र ।
३. अनुसूची ५ मा उल्लेख भए बमोजिमको आवश्यक योग्यता पूरा भएको हुनु पर्नेछ ।
४. कर्मचारीको विवरण र न्यूनतम् योग्यताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नु पर्नेछ ।
५. नगरपालिकामा अनुसुची -२ मा उल्लेख भएबमोजिम रकम बुझाएको हुनु पर्नेछ ।

## परिच्छेद - ३

**५. इजाजतपत्रको अवधि र नवीकरण** :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरूप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित मन्थली नगरपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न मन्थली नगरपालिकामा कागजात पेस गर्दा सम्बन्धित वडा कार्यालयबाट सिफारिस लिई अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरूको अद्यावधिक विवरण समेत पेस गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न मन्थली नगरपालिका बाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ । म्याद नाघेको ६ महिनापछि चालु आर्थिक वर्षभित्र नवीकरण गर्न चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरे मा अनुसूची-२ बमोजिमको दोब्बर दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।

## परिच्छेद -४

**६. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा मन्थली नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेस गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेस गरको सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लङ्घन भएको सम्बन्धित निकायवाट लेखिआएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेस गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा मन्थली नगर पालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा क्म्पनी दर्ता गने ि कार्यालयलाई दिनेछ ।

## परिच्छेद - ५

**७. इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

## परिच्छेद - ६

**८. प्रचलित कानुन बमोजिम हुने :** यस नियमावलीमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**९. बचाउ :** यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजतपत्रहरू यसै नियमावली बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची १
## नियमावलीको दफा ४ को उपदफा (१) (क) सँग सम्बन्धित
## इजाजत पत्रका लागि दिइने दरखास्त

### विषय : इजाजतपत्र पाऊँ भन्ने बारे ।

श्री ....................................मन्थली नगरपालिकाको कार्यालय

यस ................कार्यालयको कार्यविधि...........बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजत पत्र पाउन निम्न विवरण भरी दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको**

नाम : ............... ठेगाना : ........................

पोष्ट बक्स नं. : ..................... टेलिफोन नं. : ..........................

फ्याक्स नं. : ......................... इमेल : ...............................

**२. फर्म वा कम्पनीको प्रकृति**

प्राइभेट लिमिटेड कम्पनी ☐ ☐ एकलौटी

पब्लिक लिमिटेड कम्पनी ☐ ☐ साझेदारी

(कोष्ठकमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :**

नाम थर : ..................... ठेगाना :.........................

टेलिफोन नं. :......................................... पोष्ट बक्स नं. : ................

फ्याक्स नं. : ..................... इमेल :.................................................

**४. फर्म वा कम्पनीको विवरण :**

दर्ता नं. : ....................दर्ता मिति :.................. अधिकृत पूँजी :............

जारी पूँजी :................. दर्ता गर्ने कार्यालयको नाम, ठेगाना :......................

**५. इजाजतपत्र लिन चाहेको वर्ग : (घ) वर्ग**

**६. सामूहीकरण हुन चाहेको समूह :**

**७. आर्थिक स्रोतको विवरण :**

| | रकम | वित्तीय संस्था/बैङ्कको नाम |
|---|---|---|
| **स्थायी ओभरड्राफ्ट** | | |
| **मुद्दती खाता** | | |
| **चल्ती खाता** | | |
| **बचत खाता** | | |
| | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेस गर्न सकिनेछ ।

**८. कामदारको विवरण :**

क) प्राविधिक : ......................

ख) अप्राविधिक :..........................

ग) अन्य : ................................

प्राविधिक कम्पनीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेस गर्नु पर्नेछ ।

**९. आफ्नो स्वामित्वमा रहेको /भाडा सम्झौतामा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजार विवरण :**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य:** यस विवरणमा उल्लेखित सवारी साधन तथा मेसिनरी औजारको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेसिनरी औजारहरू चालु हालतमा रहको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :**

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप :

दरखास्तवालाको :

दस्तखत :

मिति :

**द्रष्टव्य :** यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि सङ्लग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेस गर्नु पर्नेछ ।

## अनुसूची २
## नियमावलीको दफा ४ को उपदफा (४) देहाय ५ सँग सम्बन्धित
## दस्तुर सम्बन्धी व्यवस्था :

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपि थप दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रू. ५०००।०० | रू. ४०००।०० | रू. ४०००।०० | रू. ५००।०० |

**द्रष्टव्य :** 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियमावली २०७४ बमोजिम परिच्छेद ३ को दफा ५ को उपदफा ३ बमोजिमको म्याद नाघेको ६ महिनाभित्र नवीकरण गर्न चाहेमा मात्र इजाजतपत्र नवीकरण थप दस्तुर महलको रकम समेत लिनु पर्नेछ ।

## अनुसूची ३

## नियमावलीको दफा ४ को उपदफा (१) (ग) र दफा ५ को उपदफा (३) सँग सम्बन्धित

## इजाजतपत्र

इजाजत पत्र नं. : ..................

न.पा. कार्यपालिकाको कार्यालय मिति :................

'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियमावली २०......... को दफा ४ को उपदफा (१) (ग) बमोजिम निर्माण व्यवसाय गर्न ......................स्थित कार्यालय भएको ....................फर्म वा कम्पनीलाई इजाजत प्रदान गरिएको छ ।

**घ**

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

इजाजतपत्र दिनेको :

दस्तखत :

नाम :

पद :

मिति :

कार्यालय :

**नवीकरण**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बाहल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | सार्वजनिक उपक्रमको नाम (यदि भएमा) | सेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समायावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम | क) थप समय | क) Variation पछिको Contract Amount | क) सम्पन्न काम | क) अन्तिम ठेक्का | |
| | | | | | ख) सम्झौता मिति | ख) पद | क) नाम | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | ........ | ........ | ............ | ................ | .......... | ............ | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | ......... | ......... | ........... | .............. | .......... | | |
| | | | | | | घ) छाप | ग. हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पद | पद | |
| | | | | | | | छाप | ......... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .......... | | ........ | ............ | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | .......... | ............. | |
| | | | | | | | | | | | |

## अनुसुची - ५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१.** **आर्थिक क्षमता :** प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा घटीमा पाँच लाख रूपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ।

**२.** **मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तहउत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३.** **मेसिन र उपकरण :** क) ट्रिपर वा ट्र्याक्टर (एक थान फर्म वा कम्पनीको स्वामित्वमा रहेको वा कम्तिमा ५ वर्षको लागि भाडा करार गरेको) *

ख) लेभल मेसिन (एक थान)

ग) वाटर पम्प (एक थान)

**घ) भाइब्रेटर (एक थान)**

**द्रष्टव्य :** १. उपकरणको नामावली पेस गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र साथै बीमा गरेको कागजातहरू पेस गर्नु पर्नेछ साथै बैङ्क तथा वित्तीय संस्थाको नाममा भएमा ऋणमुक्त भएपश्चात् उक्त यन्त्र उपकरणको स्वामित्व फर्म वा कम्पनीको नाममा दिन संस्था मन्जुर भएको हुनु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएसनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरू दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पूरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

---

*** पहिलो संशोधनद्वारा संशोधित**

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**मन्थली, रामेछाप**

**बागमती प्रदेश, नेपाल**

मिति :.........................

## विषय : **इजाजत-पत्र ।**

श्री ..................................

.......................................

निर्माण व्यवसाय दर्ता नवीकरण नियमावली -२०७४ को दफा -२ को उपदफा (१) बमोजिम निर्माण व्यवसाय गर्न................................................ स्थित कार्यालय भएको ............................................ फर्म वा कम्पनीलाई यो इजाजत-पत्र प्रदान गरिएको छ ।

**इजाजत-पत्र दिनेको**

**दस्तखत :**

**नाम :**

**पद :**

**कार्यालय :**

**मिति :**

**नोट :** १. यो इजाजत-पत्र १ आ.व.सम्ममात्र बहाल रहनेछ ।

२. यो इजाजत-पत्र प्रत्येक वर्ष श्रावण महिनामा नियमानुसार दस्तुर तिरी नवीकरण गर्नु पर्नेछ ।

## नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं.र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |